एकाई १०

# नेपालको संवैधानिक विकासक्रम

**नेपालको संवैधानिक विकासक्रम र नेपालको संविधान**

- लिखित संविधान नभएको देश कुन हो - बेलायत ।
- विश्वमा लिखित संविधानको शुरुवात अमेरिका १७८९ मार्च ४ देखि लागू भएको थियो । विश्वको सानो संविधान अमेरिकाको हो जसमा ३२ धारा रहेका छन् ।
- नेपालमा संवैधानिक विकासक्रमका आधारमा संविधान

| सि.नं. | संविधान | भाग, धारा, अनुसूची | लागू मिति | मस्यौदा समिति अध्यक्ष र विषेशता |
|---|---|---|---|---|
| १ | नेपाल सरकार वैधानिक कानून, २००४ *( कार्यान्वयन नभएको)* | ६, ६८, १ | २००४ माघ १३ | • राष्ट्रिय सभा ६०-७० र भारदारी सभामा २०-३० सदस्य प्र.म द्वारा मनोनित<br>• कार्यकारिणी अधिकार, संकटकालिन अधिकारश्री३ मा निहित<br>• नागरिकका केहि मौलिक हकको व्यवस्था<br>• नागरिकका कर्तव्यहरुको व्यवस्था<br>• दरखास्त परिषद (लोक सेवा आयोग) र प्रधानजाँचकी अड्डा (महालेखा परीक्षक) प्रधानन्यायलय (सर्वोच्च अदालत) को व्यवस्था<br>• भारतीय संविधान विशेषज्ञ श्रीप्रकाश, डा.रामउग्र सिंह र रघुनाथ सिंहको र नेपाली गुन्जमान सिंह र कृष्ण सम्सेरको सहभागिता<br>• २००५ वैशाख १ बाट लागु हुने भनिएकोमा २००४ फाल्गुण १८ मा भारतबाट राजिनामा दिई पद्मम समसेर पदबाट हटेका थिए । |
| २ | नेपालको अन्तरिम शासन विधान , २००७ | ७, ७३, ४ | २००७ फाल्गुणा ७ मा जारी २००७ चैत्र २९ लागु | • २००७ सालको अन्तरिम मन्त्रि मण्डलले यो संविधान स्वीकृत २००७ चैत्र २१ मा गरेको थियो । तसर्थ यो संविधान निर्माणको श्रेय मन्त्रिमण्डललाई जान्छ ।<br>• यो संविधान राजपत्रमा प्रकाशित २००८ भाद्र ४<br>• कार्यान्वयन भएको पहिलो संविधान<br>• ६ पटक संशोधन भएको संविधान<br>• चौथो संसोधन २०१५।२।२ बाट नेपाल सरकारको सट्टा श्री ५ को सरकार शब्दको प्रयोग (२०१२।१०।१५ मा सदर)<br>• पाँचौ संसोधन राजपत्रमा प्रकाशित २०१५।२।२७ पब्लिक सर्भिस कमिशनलाई लोकसेवा आयोग र मन्त्रीमण्डललाई मन्त्री परिषद भन्न शुरु (२०१५।२।१९ मा सदर)<br>• प्रधानन्याधिश र न्याधीशको नियुक्ति मन्त्रि मण्डलको सल्लाहमा श्री ५ ले<br>• कार्यकारिणी अधिकार श्री ५ मा<br>• **सल्लाहकार सभा नामक एक सदनात्मक व्यवस्थापिका सभा**<br>• प्रधानन्यालयको व्यवस्था, निर्वाचन आयोग, संसद सभा<br>• पव्लिक सर्भिसक कमीसन लगायत संवैधानिक निकायको व्यवस्था<br>• राज्यका निर्देशक सिद्धान्तको व्यवस्था भएको पहिलो संविधान |
| ३ | नेपाल अधिराज्यको संविधान, २०१५ | १०, ७७, ३ | २०१५ फाल्गुन १ | • कार्यकारिणी अधिकार श्री५ मा<br>*२०१४ चैत्र ३ मा गठित समिति :*<br>*भगवती प्रसाद सिंह अध्यक्ष, तत्कालिन लोसेआ अध्यक्ष*<br>*सूर्य प्रसाद उपाध्याय सदस्य ने.का.*<br>*रणधिर सुब्बा सदस्य गोरखा परिषद*<br>*रामराजा पन्थ सदस्य नेपाल ल क्याम्पस*<br>*होरा प्रसाद जोशी सदस्य सचिव ने.का.* |

| | | | | |
|---|---|---|---|---|
| | | | | ***बेलायती संविधानविद्ध सर आइभर जेनिङ्गको सहयोग***<br>• प्रतिनीधि सभा१०९ र महासभामा ३६ जना सदस्य महासभाका ३६ मध्ये १८ जना राजाबाट मनोनित हुने ।<br>• मन्त्रीमण्डल प्रतिनीधि सभा प्रति उत्तरदायी हुने<br>• लोकसेवा आयोग, हिसाब जाँच अड्डाको व्यवस्था<br>• संविधानलाई देशको मुल कानुन मान्न थालिएको संविधान<br>• मौलिकहक र संवैधानिक उपचारको व्यवस्था<br>• कार्यपालकि, व्यवस्थापिका र स्वतन्त्र न्यालयको व्यवस्था<br>• सीमीत लोकतन्त्रको प्रवर्द्धन,वालिक मताधिकारको व्यवस्था<br>• नेपाली भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरेको संविधान<br>• राजा महेन्द्रले यो संविधानको धारा ५५ को संकटकालिन अधिकारको प्रयोग गरी २०१७ पौष १ मा जननिर्वाचित संसद विघटन गरेका थिए ।<br>• धारा ७३ र ७५ लागु भएका २०१५ फागुन १ मा बाँकि २०१६ असार ३ देखि लागु । |
| ४ | नेपालको संविधान, २०१९ | २०, ९७, ६ | २०१९ पौष १ | • कार्यकारिणी अधिकार र राजकीय सत्ता श्री५ मा निहित<br>• मन्त्री र प्रधानमन्त्री श्री ५ प्रति उत्तरदायी हुने<br>• राष्ट्रियपञ्चायत एकसदनात्मक व्यवस्थापिका ११२ जनप्रतिनीधि र श्री५बाटमनोनित २८<br>***२०१९ बैशाख १६ मा गठित समिति :***<br>***ऋषिकेश शाह अध्यक्ष***<br>***शम्भु प्रसाद ज्ञवाली सदस्य***<br>***प्रकाश बहादुर खत्री क्षत्री सदस्य***<br>***अंगुरबाबा जोशी सदस्य***<br>***डम्बर नारायण यादव सदस्य***<br>***कुल शेखर शर्मा सदस्य सचिव***<br>• मौलिक हक,संवैधानिक (लोक सेवा आयोग, महालेखा परिक्षक, निर्वाचन आयोग) निकाय, सर्वोच्च अदालतको व्यवस्था<br>• पञ्चायत प्रणालीका नीति निर्देशक सिद्धान्तहरुको व्यवस्था<br>• प्रधानन्याशिस र न्याधिशको कार्यकाल १० बर्ष र उमेर हद ६५ बर्ष तोकिएको<br>• नेपालको राष्ट्रिय फूल, जनावर, रंग, पंक्षीको पहिलो पटक व्यवस्था गरिएको<br>• नेपाललाई हिन्दु अधिराज्य भनी उल्लेख भएको पहिलो संविधान ।<br>• गाँउ फर्क राष्ट्रिय अभियानको व्यवस्था दोश्रो संसोधनले गरेको थियो ।<br>• दलविहिन शब्दको पहिलो पटक प्रयोग यो संविधानको पहिलो संसोधनले गरेको ।<br>• श्री५लाई रायसल्लाह दिन राजसभाको व्यवस्था<br>• तीन पटक संशोधन : पहिलो २०२३।१०।१४, दोश्रो २०३२।८।२६, तेश्रो २०३७।९।१<br>• अख्तियार दुरुपयोग निवारण आयोगको दोश्रो संसोधनबाट थप<br>• बालिक मताधिकारको व्यवस्था तेश्रो संसोधनबाट थप । |
| ५ | नेपाल अधिराज्यको संविधान, २०४७ | २३, १३३, ३ | २०४७ कात्तिक २३ | विश्वनाथ उपाध्याय (अध्यक्ष),सूर्यनाथ उपाध्याय(स.सचिव)७ जना<br>• सार्वभौम सत्ता नेपाली जनतामा निहित भएको पहिलो संविधान<br>• संवैधानिक राजतन्त्र,वहुदलिय प्रजातन्त्र,कानूनको शासन,स्वतन्त्र न्यायपालिका<br>• आवधिक निर्वाचन र वालिक मताधिकार,<br>• कार्यकारिणी अधिकार श्री५ र मन्त्रिपरिषद्मा<br>• राष्ट्रिय सभा ६० र प्रतिनीधि सभा २०५ सदस्य रहने व्यवस्था । प्रतिनीधि सभामा ५ प्रतिशत महिला उमेदवार उठाउनु पर्ने व्यवस्था ।<br>• राष्ट्रिय दलको मान्यता प्राप्त गर्न कुल खसेको मतको ३ प्रतिशत मत ल्याउनु पर्ने<br>• लोकसेवा आयोग, निर्वाचन आयोग, महालेखा परिक्षक, अख्तियार दुरुपयोग |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुसन्धान आयोग, महान्याधिवक्ता लगायतका निकायको व्यवस्था,<br>• प्रतिनीधि सभाको २/३ वहुमतवाटमात्र संविधान संसोधन हुने<br>*(क) सार्वभौमसत्ता जनतामा निहित,*<br>*(ख) संवैधानिक राजतन्त्र तथा बहुदलीय संसदीय व्यवस्था,*<br>*(ग) प्रतिनिधिसभा (२०५ सदस्यीय) र राष्ट्रिय सभा (६० सदस्यीय) गरी २ सदनात्मक व्यवस्थापिकाको रहेको ।*<br>*(घ) स्वतन्त्र तथा सक्षम न्यायपालिका*<br>*(ङ) मानवअधिकारको प्रत्याभूति*<br>*(च) मौलिक हकको व्यवस्था*<br>*(छ) धारा ११६ असंशोधनीय चरित्र*<br>*(ज) राजनीतिक दलउपर प्रतिबन्ध लगाउन नपाइने*<br>*(झ) मृत्युदण्ड हुने गरी कुनै कानुन बनाउन नपाइने व्यवस्था ।*<br>• संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार राजालाई प्रदान गरिएको<br>• संवैधानिक परिषद र राष्ट्रिय सुरक्षा परिषदको व्यवस्था<br>• विश्वकै उत्कृष्ट मध्यको एक मानिने |
| ६ | नेपालको अन्तरिम संविधान, २०६३ | २५, १६७, ४ | २०६३ माघ १ | लक्ष्मण अर्यालको संयोजकत्वमा १६ सदस्यीय समिति गठन<br>• आठ राजनीतिक दलको सामूहिक प्रयासबाट निर्मित संविधान<br>• नेपालको इतिहासमा पहिलो पटक जनताबाट घोषणा भएको संविधान<br>• नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित<br>• नेपाललाई धर्म निरपेक्ष राष्ट्रको रुपमा स्वीकार गरिएको<br>• नेपाल संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य<br>• मानवअधिकार अयोगलाई संवैधानिक अंगको रुपमा मान्यता<br>• प्रधानसेननपतिको नियुक्ति मन्त्रि परिषदको सिफारिसमा राष्ट्रपतिबाट<br>• परमपरागत राजतन्त्रको अन्त्य<br>*महत्वपूर्ण संसोधन :*<br>*तेश्रो संसोधन : २०६४।९।१३ : निर्वाचन क्षेत्र कायम ६०१ सिट*<br>*चौथो संसोधन : २०६५।२।१६ : संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा (प्रस्तावनामा), राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था, मुलुकको राष्ट्राध्यक्ष नेपाली सेनाको परामधिपति हुने*<br>*छैठौ संसोधन : २०६५।८।३० : संसदको अधिवेशन राष्ट्रपतिले आवह्रान गर्ने*<br>• राज्यको अग्रगामी पुर्नसंरचना गर्ने प्रतिवद्धता<br>• राज्यका दायित्ववारे उल्लेख भएको पहिलो संविधान<br>• राष्ट्राध्यक्षको रुपमा राष्ट्रपति<br>• कार्यकारिणी अधिकार मन्त्रीपरिषदमा<br>• व्यवस्थापिकाको काम संविधानसभाले गर्ने, संविधान सभामा ६०१ सदस्य रहने जसमा प्रत्यक्ष निर्वाचित : २४०, समानुपातिक : ३३५ र मनोनित २६<br>• संविधान सभावाट संविधान निर्माण हुने व्यवस्था, धर्म निरपेक्षता<br>• मानवअधिकार,वालिक मताधिकार,स्वतन्त्र न्यायपालिक र निर्वाचन<br>• संवैधानिक निकायको व्यवस्था<br>• १२ पटक संसोधन। पहिलो : २०६३।११।३० र १२ औ संसोधन २०६९।०२।०७ |
| ७ | नेपालको संविधान | ३५, ३०८, ९ | २०७२ असोज ३ | संविधानसभा |

**प्रतिनिधिसभा घोषणापत्र, २०६३ :**

- नेपालको म्याग्नाकार्टा भनी चिनिने अधिकारपत्र वा दस्तावेज कुन हो ?→**प्रतिनिधि सभाको घोषणापत्र, २०६३**
- प्रतिनिधि सभाको घोषणापत्र, २०६३ कुन आन्दोलनको परिणती हो ?→**वि.सं. २०६२/६३ सालको जनआन्दोलनको**
- प्रतिनिधिसभाको घोषणापत्र, २०६३ कसले जारी गरेको हो ?→**पुनः स्थापित प्रतिनिधिसभाले**

- प्रतिनिधिसभाको घोषणापत्र कहिले जारी भएको हो ?→**२०६३ जेष्ठ ४ गते**
- म्याग्नाकार्टा कहिले र कहाँ जारी भएको थियो ?→**बेलायतमा सन् १२१५, जुन १५ मा**

**प्रतिनिधिसभाको घोषणापत्र, २०६३ का विशेषताहरु :**

(क) मन्त्रिपरिषद्बाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन हुने ।

(ख) राजपरिषद्को खारेजी

(ग) श्री ५ को सरकारलाई अब उप्रान्त नेपाल सरकार भनिने

(घ) श्री ५ लाई संसदको अंग नमानिने

(ङ) राजामा निहित कार्यकारिणी अधिकार खारेज

(च) श्रीमान् गम्भीरनामक राष्ट्रिय गानको खारेजी

(छ) शाही नेपाली सेनाको नाम नेपाली सेना रहने

(ज) राजालाई करको दायरामा ल्याइएको

(झ) राजालाई नेपाली सेनाको परमाधिपति पदबाट खारेज गरिएको

(ञ) नेपाल अधिराज्यको सट्टामा नेपाल राज्य उल्लेख भएको

**<u>नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संवैधानिक अंगहरु :</u>**

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग (भाग ११)

(ख) महालेखा परीक्षक (भाग १२)

(ग) लोकसेवा आयोग (भाग १३)

(घ) निर्वाचन आयोग (भाग १४)

(ङ) राष्ट्रिय मानवअधिकार आयोग (भाग १५)

(च) महान्यायाधिवक्ता (भाग १६)

**नेपालको संविधान (वर्तमान)**

नेपालको संविधानमा पहिलो पटक संसोधन २०७२।११।१६ जसले धारा ४२, धारा ८४ र धारा २८६ मा संसोधन गरेको थियो । यो संसोधनको लागि संसदमा प्रस्ताव पारित २०७२।१०।०९ गते जसको पक्षमा ४६१ मत र विपक्षमा ७ मत परेको थियो । संविधान दोश्रो संसोधन २०७७ असार ४ मा अनुसूची ३ नेपालको निशाना छापको नेपालको नक्शामा थपेको ।

- ७ औ संविधानको नाम के रहेको छ ?→**नेपालको संविधान (धारा ३०७ को उपधारा १ मा उल्लेख)**
- नेपालको संविधान कसले निर्माण गरेको हो ?→**संविधानसभाले**
- नेपालको संविधानमा जनताको राय सुझाव संकलन गर्ने कार्य कहिले भएको थियो ?→**२०७२ श्रावण ४ र ५ गते**
- नेपालको संविधान कहिले जारी भएको हो ?→**२०७२ आश्विन ३ गते आइतवार**
- ७ औ संविधानलाई कसले जारी गरेको हो ?→**राष्ट्रपति रामबरण यादव**
- नेपालको संविधानमा कसले प्रमाणित गरेको हो ?→**संविधानसभाका अध्यक्षसुभाषचन्द्र नेम्बाङ**
- नेपालको संविधानमा संविधानसभाका कति जना सभासद्ले हस्ताक्षर गरेका थिए ?→**५३७**
- नेपालको संविधानमा कहिले हस्ताक्षर भएको थियो ?→**२०७२ आश्विन १ गते**
- नेपालको संविधानको विधेयकलाई कति सभासद्ले पारित गरेका थिए ?→**५०७**
- नेपालको संविधानको विधेयकलाई कहिले पारित गरिएको थियो ?→**२०७२ भाद्र ३० गते**
- नेपालको संविधानमा कति भाग, धारा र अनुसूची रहेका छन् ?→**भाग ३५, धारा ३०८ र अनुसूची ९**
- मौलिक हक कस्तो हक हो ?→**संविधानमा नै नागरिकलाई प्रदान गरिएका हकहरु**

**<u>मौलिक अधिकार र मानव अधिकार बीचमा रहेको फरक :</u>**

❖ मौलिक अधिकार मानव अधिकारको तुलनामा केही संकुचन हुन्छ ।

- ❖ किनकी मौलिक अधिकार राज्यको संविधानमा नै उल्लेख भएको हुन्छ भने मानव अधिकार चाहिं राज्यको कानूनको अतिरिक्त अन्तर्राष्ट्रिय कानूनद्धारा सृर्जित दायित्वसंग समेत सम्बन्धित रहन्छ ।
- ❖ सबै मौलिक अधिकार मानव अधिकार हुन् तर सबै मानव अधिकार मौलिक अधिकार होइनन् ।
- ❖ मौलिक अधिकारको उल्लघंन विरुद्ध संविधानमा नै उपचारको विधि उल्लेख हुन्छ भने मानव अधिकारको उल्लघंनमा नैतिक दायित्व मात्र महत्वपूर्ण हुन्छ ।

- नेपालको संविधानको कुन भागमा मौलिक हक सम्बन्धी व्यवस्था रहेको छ ?⟶**भाग ३ मा**
- संविधान बमोजिम कतिवटा मौलिक हक रहेका छन् ?⟶**३१ वटा**

**नोट : सम्झनु पर्ने धाराहरु र भागमात्र उल्लेख गरिएको छ ।**

**भाग-१ प्रारम्भिक धारा १ देखि ९**

१. संविधान मूल कानून :

(१) यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यस संविधानको पालना गर्नु **प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ** ।

२. सार्वभौमसत्ता र राजकीयसत्ता : नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता **नेपाली जनतामा निहित** रहेको छ । यसको प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

३. राष्ट्र : बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।

४. नेपाल राज्य : (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । स्पष्टीकरण : यस धाराको प्रयोजनको लागि “धर्मनिरपेक्ष” भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ ।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :- (क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र (ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

५. राष्ट्रिय हित : (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषय हुनेछन्। (२) राष्ट्र हित प्रतिकूलको आचरण र कार्य संघीय कानून बमोजिम दण्डनीय हुनेछ ।

६. राष्ट्रभाषा : नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्।

७. सरकारी कामकाजको भाषा : (१) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ ।

(२) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ ।

(३) भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

८. राष्ट्रिय झण्डा : (१) सिम्रिक रंगको भुइँ र गाढा नीलो रंगको किनारा भएको दुई त्रिकोण अलिकति जोडिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अंकित भएको झण्डा नेपालको राष्ट्रिय झण्डा हो । (२) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय झण्डा बनाउने तरीका र तत्सम्बन्धी अन्य विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. राष्ट्रिय गान इत्यादि : (१) नेपालको राष्ट्रिय गान अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) नेपालको निशान छाप अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पक्षी डाँफे हुनेछ ।

भाग-२ नागरिकता धारा १० देखि १५

१०. नागरिकताबाट वञ्चित नगरिने :

(१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन ।

(२) नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ ।

नागरिकताका प्रकार
- वंशजको आधारमा
- अंगीकृत
- सम्मानार्थ
- गैर आवासिय नागरिकलाई प्रदान गरिने सिमित अधिकार सहितको नागरिकता

नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस्तो क्षेत्रभित्र बसोबास भएको व्यक्ति संघीय कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।

१४. गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने : विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ ।

**भाग-३ मौलिक हक र कर्तव्य :** धारा १६ देखि ४६ सम्म जम्मा ३१ वटा रहेका छन् ।

अन्तरिम संविधानमा भन्दा वर्तमान संविधानमा कति नयाँ मौलिक हक थप गरिएको छ: १० हुन तर पहिलाको भन्दा सम्पूर्ण नयाँ मौलिक हक चाँहि ६ वटा थप गरिएको छ।

धारा २१ - अपराध पिडितको हक
धारा ३६ - खाद्य सम्वन्धी हक
धारा ३७ - आवासको हक
धारा ४० - दलितको हक
धारा ४१ - जेष्ठ नागरिकको हक
धारा ४४ - उपभोक्ताको हक

**मौलिक हकहरु:**

धारा १६ - सम्मानपूर्वक बाँच्न पाउने हक
धारा १७ - स्वतन्त्रताको हक
धारा १८ - समानताको हक
धारा १९- सञ्चारको हक
धारा २० न्याय सम्बन्धी हक
धारा २१ - अपराध पिडकको हक
धारा २२ - यातना विरुद्धको हक
धारा २३ - निवारक नजरवन्द विरुद्धको हक
धारा २४ - छुवाछुत तथा भेदभाव विरुद्धको हक
धारा २५ - सम्पत्तिको हक
धारा २६ - धार्मिक स्वतन्त्रताको हक
धारा २७ - सूचनाको हक
धारा २८ - गोपनियताको हक
धारा २९ - शोषण विरुद्धको हक
धारा ३० - स्वच्छ वातावरणको हक
धारा ३१ - शिक्षा सम्वन्धी हक
धारा ३२ - भाषा र संस्कृतिको हक
धारा ३३ - रोजगारीको हक
धारा ३४ - श्रमको हक
धारा ३५ - स्वास्थ्य सम्वन्धी हक
धारा ३६ - खाद्य सम्वन्धी हक
धारा ३७ - आवासको हक
धारा ३८ - महिलाको हक
धारा ३९ - वालवालिकाको हक
धारा ४० - दलितको हक
धारा ४१ - जेष्ठ नागरिकको हक
धारा ४२ - सामाजिक न्यायको हक
धारा ४३ - सामाजिक सुरक्षाको हक
धारा ४४ - उपभोक्ताको हक
धारा ४५ - देशनिकाला विरुद्धको हक
धारा ४६ - संवैधानिक उपचारको हक

- नेपालको संविधान अनुसार सम्मानपूर्वक बाँच्न पाउने हक..................लाई हुनेछ । **प्रत्येक व्यक्ति**
- **स्वतन्त्रताको हक :**
  (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।
  (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-
  (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,
  (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
  (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,
  (घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,
  (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,
  (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।
- शत्रु देशको नागरिकलाई लागू नहुने धारा २०(३) र २३(२) हुन ।
- कुनै पनि **व्यक्तिलाई** निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।
- सम्पत्तिको हक : **प्रत्येक नागरिकलाई** कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।
- सूचनाको हक : **प्रत्येक नागरिकलाई** आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।
- गोपनीयताको हक : **कुनै पनि व्यक्तिको** जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।
- शोषण विरुद्धको हक : **प्रत्येक व्यक्तिलाई शोषण** विरुद्धको हक हुनेछ ।
- स्वच्छ वातावरणको हक : **प्रत्येक नागरिकलाई** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

- भाषा तथा संस्कृतिको हक : **प्रत्येक व्यक्ति र समुदायलाई** आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।
- रोजगारीको हक : **प्रत्येक नागरिकलाई** रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ कुन मौलिक हक अन्तर्गत राखिएको छ ? महिलाको हक

- सबैभन्दा महत्वपूर्ण मौलिक हक कुन हो ?→**संवैधानिक उपचारको हक**
- संवैधानिक उपचारको हक प्राप्त गर्न कुन कुन निकायमा उजुर गर्न पाउने संवैधानिक व्यवस्था रहेको छ ?→**धारा १३३ बमोजिम सर्वोच्च अदालत र धारा १४४ बमोजिम उच्च अदालत**
- मौलिक हकको कार्यान्वयनको लागि राज्यले संविधान प्रारम्भ भएको मितिले कति वर्षभित्र कानूनी व्यवस्था गरिसक्नु पर्ने संविधानमा उल्लेख रहेको छ ?→**तीन वर्षभित्र**
- नेपालको संविधानको पहिलो संशोधनमा संशोधन भएको मौलिक हक कुन हो ?→**सामाजिक सुरक्षाको हक (धारा ४३)**
  - नागरिकका कर्तव्य सम्बन्धमा धारा कातिमा व्यवस्था छ ? - धारा ४८
    नागरिकका कर्तव्य : प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन्:-
    (क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
    (ख) संविधान र कानूनको पालना गर्नु,
    (ग) राज्यलेचाहेका बखत अनिवार्य सेवा गर्नु,
    (घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

**भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व धारा ४९ देखि ५५**

- निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य संचालनको मार्ग निर्देशनका रुपमा लिइन्छ ।
- राज्यका निर्देशक सिद्धान्त धारा ५० मा निदेशक सिद्धान्तहरु ४ वटा रहेका छन्, नीतिहरु धारा ५१ मा १३ वटा छन् भने राज्यको दायित्व धारा कतिमा छ ? - धारा ५२
- राज्यका नीति धारा ५० उपधारा ४ को खण्ड (ड) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति :
  (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,
  (२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने ।

राज्यका १३ नीतिहरु कुन कुन हुन् ?

(१) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति
(२) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति
(३) सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति
(४) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति
(५) कृषि र भूमिसुधार सम्बन्धी नीति
(६) विकास सम्बन्धी नीति
(७) प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति
(८) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति
(९) श्रम र रोजगार सम्बन्धी नीति
(१०) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति
(११) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति
(१२) पर्यटन सम्बन्धी नीति
(१३) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति

**भाग-५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड धारा ५६ देखि ६०**

- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना कति तहमा विभाजन गरिएको छ ? - संघ, प्रदेश र स्थानीय तह ( धारा ५६ राज्यको संरचना)
- प्रदेश र सम्बन्धित प्रदेशमा रहने जिल्लाहरुको उल्लेख कुन अनुसूचीमा रहेको छ ?→**अनुसूची ४ मा**
- स्थानीय तहमा कुन निकायहरु रहने व्यवस्था धारा ५६ ले गरेको छ ?→**गाँउपालिका, नगरपालिका र जिल्ला सभा**
- नेपाल सरकारले स्थानीय तह कहिलेबाट लागू गरेको हो ?→**२०७३फाल्गुण २७**
- राज्य शक्तिको बाँडफाँड धारा ५७ मा अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहका छुट्टै र साझा अधिकारका सूचीहरु उल्लेख गरिएको छ ।
- संघको अधिकारको सूची सम्बन्धी व्यवस्था संविधानको कुन अनुसूचीमा उल्लेख रहेको छ ?→**अनुसूची ५ मा**
- प्रदेशको अधिकारको सूची सम्बन्धी व्यवस्था संविधानको कुन अनुसूचीमा उल्लेख रहेको छ ?→**अनुसूची ६ मा**
- संघ र प्रदेशको साझा अधिकारको सूची सम्बन्धी व्यवस्था संविधानको कुन अनुसूचीमा रहेको छ ?→**अनुसूची ७**
- स्थानीय तहको अधिकारको सूची संविधानको कुन अनुसूचीमा उल्लेख रहेको छ ?→**अनुसूची ८**
- संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची सम्बन्धी व्यवस्था संविधानको कुन अनुसूचीमा उल्लेख रहेको छ ?→**अनुसूची ९**
- अवशिष्ट अधिकार : यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुनेछ ।धारा ५८
- संघ, प्रदेश र स्थानीय तहले के कस्ता आर्थिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था धारा ५९ मा रहेको छ ?→**आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने**
- केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्ग, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण सम्बन्धी व्यवस्था राज्यको कुन संरचना अन्तर्गत पर्दछ ?→**संघ अन्तर्गत**
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर र दण्ड जरिवाना सम्बन्धी व्यवस्था कुन निकाय अन्तर्गत पर्दछ ?→**संघ**
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोर ञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर दण्ड जरिवाना जस्ता विषय कुन निकाय अन्तर्गत पर्दछ ?→**प्रदेश अन्तर्गत**
- स्थानीय तहले के कस्तो आर्थिक अधिकारको प्रयोग गर्ने व्यवस्था रहेको छ ?→ **स्थानीय कर (सम्पति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन**
- नेपालको संविधानको धारा ६० मा के कुराको उल्लेख रहेको छ ?→ **संघ, प्रदेश र स्थानीय तहमा राजस्व स्रोतको बाँडफाँड सम्बन्धी विषय**

**भाग-६ राष्ट्रपति र उपराष्ट्रपति धारा ६१ देखि ७३**

- धारा ६१ राष्ट्रपति र धारा ६७ मा उपराष्ट्रपति सम्वन्धी व्यवस्था छ ।

**राष्ट्रपतिको योग्यता**

- ✓ संघीय संसदको सदस्य हुन योग्य भएको
- ✓ कम्तिमा ४५ वर्ष उमेर पूरा भएको
- ✓ कुनै कानूनले अयोग्य नभएको

**पद रिक्त हुने अवस्था :**

- ✓ निजले उपराष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा
- ✓ निजको विरुद्धमा धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भएमा
- ✓ निजको पदावधि समाप्त भएमा (पदावधि ५ वर्ष) पुन : एक कार्यकाल थप हुन सक्ने
- ✓ निजको मृत्यु भएमा

- राष्ट्रपतिले प्रधानन्याधिश र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष पद तथा गोपनियताको सपथ लिनुपर्ने ।

**भाग-७ संघीय कार्यपालिका धारा ७४ देखि ८२**

- शासकीय स्वरूप : नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ । धारा ७४
- नेपालको कार्यकारी अधिकार यो संविधान र कानुन बमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ । धारा ७५
- मन्त्रिपरिषदको गठन : राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुनेछ । धारा ७६
- नेपालको संघीय कार्यकारी सम्वन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुनेछ ।
- मन्त्रीपरिषदमा प्रधानमन्त्री सहित बढीमा कतिजना मन्त्री रहने व्यवस्था छ : - २५ जना धारा ७६(९)
- प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन्।

| **प्रधानमन्त्रीको पद रिक्त धारा ७७(१)** | **मन्त्रीको पद रिक्त धारा ७७ (२)** |
|---|---|
| क) लिखित राजिनामा राष्ट्रपति समक्ष दिएमा | क) प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा |
| ख) अविश्वासको प्रस्ताव पारित भएमा | ख) प्रधानमन्त्रीले निजलाई पदमुक्त गरेमा |
| ग) निज प्रतिनिधि सभा सदस्य नरहेमा | ग) क, ख, ग बमोजिम प्रधानमन्त्रीको पद रिक्त भएमा |
| घ) निजको मृत्यु भएमा | घ) निजको मृत्यु भएमा |

- प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति समक्ष र राज्यमन्त्री र सहायकमन्त्रीले प्रधानमन्त्री समक्ष पद तथा गोपनियताको शपथ लिनुपर्ने व्यवस्था छ । धारा ८०
- प्रधानमन्त्रीले कुन कुन विषयमा राष्ट्रपतिलाई जानकारी गराउनु पर्छ ?धारा ८१

क) मन्त्री परिषदका निर्णय
ख) संघीय संसदमा पेश गरिने विधेयक
ग) क र ख मा उल्लेखित विषयमा राष्ट्रपतिले जानकारी मागेमा अन्य आवश्यक विवरण
घ) नेपालको समसामयिक परिस्थिति र वैदेशिक सम्वन्धका विषयमा

**भाग-८ संघीय व्यवस्थापिका धारा ८३ देखि १०८**

- संघीय व्यवस्थापिका कति सदन रहेको छ ?→**२ सदनात्मक (प्रतिनिधिसभा र राष्ट्रिय सभा)**
- संघीय व्यवस्थापिका अन्तर्गत प्रतिनिधिसभामा कति सदस्य रहने व्यवस्था रहेको छ ?→**२७५ सदस्य(प्रत्यक्ष निर्वाचनबाट १६५ सदस्य र समानुपातिक निर्वाचनबाट ११० सदस्य गरी कूल २७५ सदस्य)**
- संविधान बमोजिम प्रतिनिधिसभाको कार्यकाल कति वर्ष रहने व्यवस्था रहेको छ ?→**५ वर्ष**
- राष्ट्रिय सभामा कतिसदस्य रहने व्यवस्था रहेको छ ?→**५९ सदस्य (प्रत्येक प्रदेशबाट ८ - ८ जना गरी ७ प्रदेशबाट निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनित ३ गरी कूल ५९ जना)**
- राष्ट्रिय सभाका सदस्यहरुको पदावधि कति वर्ष रहने व्यवस्था रहेको छ ?→**६ वर्ष**
- खस आर्य भन्नाले के बुझिन्छ ? - ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) समुदाय
- संघीय संसदको महासचिवको नियुक्ति कसले गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ?→**प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षको संयुक्त सिफारिशमा राष्ट्रपतिले**
- निर्वाचन क्षेत्रमा मतदान गर्न कति उमेर पुग्नुपर्छ- १८ वर्ष
- प्रतिनिधिसभाको कार्यकाल कति वर्षको हुने व्यवस्था छ - ५ वर्ष
- राष्ट्रयसभामा जम्मा ५९ जना सदस्य रहने व्यवस्था जसमध्ये नेपालसरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तिमा १ जना महिला सहित ३ जना सदस्य । राष्ट्रियसभा सदस्यको पदावधि ६ वर्ष हुनेछ । एकतिहाई सदस्यको पदावधि २ वर्षमा समाप्त हुनेछ ।
- प्रतिनिधि सभाको सदस्य हुन २५ वर्ष र राष्ट्रिय सभाको सदस्य हुन ३५ वर्ष पूरा भएको नेपालको नागरिक हुनुपर्छ ।
- अधिवेशनको आव्हान र अन्त्य : राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संघीय संसदको अधिवेशन आव्हान गर्नेछ । त्यसपछि यस संविधान बमोजिम राष्ट्रपतिले समय समयमा दुवै वा कुनै सदनको अधिवेशन आव्हान गर्नेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महीनाभन्दा बढी हुने छैन । धारा ९३

- संघीय संसदको कुनै सदस्यको योग्यता सम्वन्धमा प्रश्न उठेमा त्यसको अन्तिम निर्णय सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्नेछ ।
- गणपुरक संख्या- सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थिति
- प्रधानमन्त्री नियुक्त भएको पहिलो २ वर्ष भित्र सम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको १ वर्ष भित्र अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन ।
- अविश्वासको प्रस्ताव संसदमा तत्काल कायम सदस्य मध्ये बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुन्छ । -धारा १००
- महाभियोग (धारा १०१):
  यो संविधान र कानूनको गम्भीर उल्लंघन गरेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको **सम्पूर्ण सदस्य संख्याको एक चौथाइ** सदस्यले राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव संघीय संसदको दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा निज पदबाट मुक्त हुनेछ ।
  यो संविधान र कानूनको गंभीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेकोकारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको **सम्पूर्ण सदस्य संख्याको एक चौथाइ** सदस्यले नेपालको **प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध** महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव **प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति** पदबाट मुक्त हुनेछ ।
  - ✓ छानबीन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा एक महाभियोग सिफारिस समिति रहनेछ । जसमा प्रतिनिधि सभाका एघार जना सदस्य रहनेछन्।
  - ✓ महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी **प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित** गरी पेश गरेमा त्यस्तो उजुरीमाथि संघीय कानून बमोजिम छानबिन गरी महाभियोग सम्बन्धी कारबाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेश हुन सक्नेछ ।
  - ✓ महाअभियोगको प्रक्रिया अगाडि बढेका पदाधिकारीले त्यस्तो कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन ।

**भाग-९ संघीय व्यवस्थापन कार्यविधि धारा १०९ देखि ११४**

- संघीय संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ तर अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिन्छ ।
- संविधानको अधिनमा रहि संघीय संसदको कुनै पनि सदनमा विधेयक पेश गर्न सकिन्छ तर अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिनेछ ।
- अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिनेछ ।
- कुनै विधियक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा सभामुखको निर्णय अन्तिम हुन्छ ।
- कसबाट प्रमाणीकरण भएपछि विधेयक ऐन बन्छ ? - राष्ट्रपतिबाट
- मन्त्री परिषदको सिफारीसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्छ ।
- अध्यादेश (धारा ११४):
  (१) संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ ।
  (२) उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।
  तर त्यस्तो प्रत्येक अध्यादेश,- (क) जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ, (ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिन पछि स्वतः निष्क्रिय हुनेछ ।

**भाग-१० संघीय आर्थिक कार्यप्रणाली धारा ११५ देखि १२५**

| | |
|---|---|
| कर लगाउन र लिन नपाइने | धारा ११५ |
| संघीय सञ्चित कोष | धारा ११६ |

| | |
|---|---|
| संघिय सरकारी कोष वा संघीय सरकारी कोषबाट व्यय | धारा ११७ |
| संघिय संचित कोषमाथि व्ययभार | धारा ११८ |
| राजस्व र व्ययको अनुमान | धारा ११९ |
| विनियोजन ऐन | धारा १२० |
| पुरक अनुमान | धारा १२१ |
| पेश्की खर्च | धारा १२२ |
| उधारो खर्च | धारा १२३ |
| संघीय आकस्मिक कोष | धारा १२४ |
| आर्थिक कार्यविधि ऐन | धारा १२५ |

**भाग-११ न्यायपालिका धारा १२६ देखि १५६**

- अदालतहरू : (१) नेपालमा देहाय बमोजिमका अदालतहरू रहनेछन्:- धारा १२७
  (क) सर्वोच्च अदालत,
  (ख) उच्च अदालत, र
  (ग) जिल्ला अदालत ।
- सर्वोच्च अदालत धारा १२८ मा व्यवस्था गरिएको छ । सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ ।
- सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बीस जना न्यायाधीश रहनेछन्।
- संवैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ ।
- सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधान न्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुनेछ । प्रधान न्यायाधीशको पदावधि छ वर्षको हुनेछ ।प्रधानन्याधिशको उमेर हद ६५ बर्ष रहेको छ ।
- सर्वोच्च अदालतको अधिकारक्षेत्रको उल्लेख भएको धारा कुन हो ?→**धारा १३३**
- संविधान बमोजिम संवैधानिक इजलास कहाँ रहने र कति सदस्य हुने व्यवस्था रहेको छ ?→**उक्त इजलास सर्वोच्च अदालतमा रहने र उक्त इजलासमा प्रधानन्यायाधीश सहित न्याय परिषदको सिफारिसमा प्रधानन्याधिशले तोकेको अन्य ४ जना न्यायाधीश रहने:धारा १३७***(सर्वोच्च अदालतको असाधारण अधिकार धारा १३३(१), संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको विवाद, संघीय र प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद एवं संघिय संसद सदस्य र प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी।)*
- **न्याय परिषद (धारा १५३)**
  १.प्रधानान्याधिश - अध्यक्ष
  २.संघीय कानून तथा न्यायमन्त्री - सदस्य
  ३.सर्वोच्च अदालतका वरिष्ठतम न्याधिश - सदस्य
  ४.राष्ट्रपतिले प्र.म.को सिफारिसमा नियुक्त कानुनविद - सदस्य
  ५.नेपाल वार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिद्धारा नियुक्त कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ट अधिवक्ता वा अधिवक्ता - सदस्य
  ४ नं. ५ नं. का कानुनविद र अधिवक्तको कार्यकाल ४ बर्ष
- **न्याय सेवा आयोग (धारा १५४)**
  प्रधानान्याधिश - अध्यक्ष
  संघीय कानून तथा न्याय मन्त्री - सदस्य
  सर्वोच्च अदालतको वरिष्ठतम न्याधिश- सदस्य
  लोकसेवा आयोगको अध्यक्ष - सदस्य
  महान्याधिवक्ता - सदस्य
- सर्वोच्च अदालत, न्याय परिषद र न्याय सेवा आयोगले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्नेछ ।
- उच्च अदालत : प्रत्येक प्रदेशमा एक उच्च अदालत रहनेछ । प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त संघीय कानूनमा व्यवस्था भए बमोजिमको संख्यामा न्यायाधीशहरू रहनेछन् । धारा१३९। मुख्य न्याधिशको उमेरहद ६३ बर्षको हुनेछ ।
- प्रधान न्यायाधीशले न्याय परिषदको सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति गर्नेछ ।
- जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशबाट हुनेछ ।

**भाग-१२ महान्यायाधिवक्ता धारा १५७ देखि १६१**

- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्याधिवक्तको नियुक्ति गर्ने व्यवस्था छ र प्रधानमन्त्रीले चाहेको बेलासम्म आफ्नो पदमा वहाल रहन्छ ।
- महान्यायाधिवक्ता नेपाल सरकारको कस्तो सल्लाहकार हो ?→**नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार**
- महान्यायाधिवक्ताको कार्यकाल कति वर्ष रहेको हुन्छ ?→**प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म**
- महान्यायाधिवक्ताको योग्यता कुन पदाधिकारी सरह हुन आवश्यक मानिन्छ ?→**सर्वोच्च अदालतको न्यायाधीश सरह**
- महान्यायाधिवक्ताले वार्षिक प्रतिवेदन को समक्ष प्रस्तुत गर्दछ ?→**राष्ट्रपति समक्ष**
- हालका महान्यायाधिवक्ता को हुन् ?→**अग्नी खरेल**
- मुख्य न्यायाधिवक्ता : महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ ।
- मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुनेछ । मुख्यमन्त्रीले चाहेको अवधिसम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा बहाल रहनेछ ।

**भाग-१३ प्रदेश कार्यपालिका धारा १६२ देखि १७४**

- प्रदेशको कार्यकारिणी अधिकार : प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषदमा निहित हुनेछ । धारा १६२
- प्रदेशको कार्यकारिणी कार्यहरू प्रदेश सरकारका नाममा हुनेछन्।
- प्रदेश प्रमुख नेपाल सरकारको प्रतिनिधिका रुपमा रहनेछ । यसको नियुक्ति राष्ट्रपतिबाट हुने र राष्ट्रपतिले पदमुक्त गरे बाहेक पदावधि ५ वर्षको हुनेछ । ३५ वर्ष उमेर हुनुपर्नेछ । पद तथा गोपनियताको शपथ राष्ट्रपति समक्ष हुनेछ ।
- मुख्यमन्त्री र मन्त्रीले प्रदेश प्रमुख समक्ष तथा राज्यमन्त्री र सहायक मन्त्रीले मुख्यमन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश कानून बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

**भाग-१४ प्रदेश व्यवस्थापिका धारा १७५ देखि १९६**

- प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिनेछ । धारा १७५
- प्रदेश सभाको गठन : प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको संख्यामा सदस्य रहनेछन्:-
  (क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य,
  (ख) खण्ड (क) बमोजिम कायम हुने सदस्य संख्यालाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य । धारा १७६
- यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रदेश सभाको कार्यकाल पाँच वर्षकोहुनेछ ।
- प्रदेशसभाको अधिवेशन आवह्रान र अन्त्य प्रदेश प्रमुखले गर्छ
- यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक प्रदेश सभाको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन ।

**भाग-१५ प्रदेश व्यवस्थापन कार्यविधि धारा १९७ देखि २०२**

- यस संविधानको अधीनमा रही प्रदेश सभामा विधेयक प्रस्तुत गर्न सकिनेछ ।
- अर्थ विधेयक र शान्ति सुरक्षासँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिनेछ ।
- कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा प्रदेश सभाको सभामुखको निर्णय अन्तिम हुनेछ ।
- प्रदेश सभाले पारित गरेको विधेयक प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिनेछ ।प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि विधेयक ऐन बन्नेछ ।
- अध्यायदेश धारा २०२

**भाग-१६ प्रदेश आर्थिक कार्यप्रणाली धारा २०३ देखि २१३**

२०३. कर लगाउन वा ऋण लिन नपाइने :
२०४. प्रदेश सञ्चित कोष :

२०५. प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय :
२०६. प्रदेश सञ्चित कोषमाथि व्ययभार :
२०७. राजस्व र व्ययको अनुमान :
२०८. प्रदेश विनियोजन ऐन :
२०९. पूरक अनुमान :
२१०. पेश्की खर्च :
२११. उधारो खर्च :
२१२. प्रदेश आकस्मिक कोष :
२१३. आर्थिक कार्यविधि सम्बन्धी ऐन :

**भाग-१७ स्थानीय कार्यपालिका धारा २१४ देखि २२०**

- स्थानीय तहको कार्यकारिणी अधिकार : स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ
- यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ ।
- गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ ।
- गाउँपालिका र नगरपालिका सदस्य हुन २१ वर्ष उमेर पूरा गरेको हुनुपर्नेछ ।
- न्यायिक समिति : (१) कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा ज्ञण्ढ उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ । (२) उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहनेछन्। धारा २१७
- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ ।

**भाग-१८ स्थानीय व्यवस्थापिका धारा २२१ देखि २२७**

**भाग-१९ स्थानीय आर्थिक कार्यप्रणाली धारा २२८ देखि २३०**

२२८. कर लगाउन वा ऋण लिन नपाइने :
२२९. स्थानीय सञ्चित कोष :
२३०. गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान

**भाग-२० संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध धारा २३१ देखि २३७**

- संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध : (१) संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ । धारा २३२
- कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषदलाई आवश्यकता अनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद र प्रदेश सभालाई बढीमा छ महीनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।
- कुनै प्रदेश मन्त्रिपरिषद र प्रदेश सभा निलम्बन वा विघटन गरेकोमा त्यस्तो कार्य पैंतीस दिन भित्र संघीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।
- अन्तर प्रदेश परिषद् (धारा २३४)संघ र प्रदेश बीच तथा प्रदेश-प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न देहाय बमोजिमको एक अन्तर प्रदेश परिषद रहनेछ :
  क) प्रधानमन्त्री - अध्यक्ष
  ख) गृहमन्त्री - सदस्य
  ग) अर्थमन्त्री - सदस्य
  घ) सम्वन्धित प्रदेश मुख्यमन्त्री - सदस्य

**संवैधानिक अंगहरु १३ वटा भाग २१-२७ सम्म धारा २३८ देखि २६५**

| क.सं. | संवैधानिक अंग | अध्यक्ष सदस्य | योग्यता | पदावधि | उमेर हद | नियुक्त |
|---|---|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान | प्रमुख आयुक्त र अन्य | स्नातक | ६ वर्ष | ४५- ६५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आयोग (धारा २३८) | चारजना आयुक्त | | | वर्ष | |
| २ | महालेखा परिक्षक (धारा २४०) | महालेखा परिक्षक एक जना | स्नातक | ६ वर्ष | ४५- ६५ वर्ष | |
| ३ | लोकसेवा आयोग (धारा २४२) | अध्यक्ष र अन्य चारजना सदस्य | स्नातकोत्तर | ६ वर्ष | ४५- ६५ वर्ष | |
| ४ | निर्वाचन आयोग (धारा २४५) | प्रमुख आयुक्त, र अन्य चारजना आयुक्त | स्नातक | ६ वर्ष | ४५- ६५ वर्ष | |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग (धारा २४८) | अध्यक्ष र अन्य चारजना सदस्य | स्नातक | ६ वर्ष | ४५वर्ष पछाडीको उल्लेखनभए को | |
| ६ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (धारा २५०) | अध्यक्ष सहित बढिमा पाँच जना सदस्य | स्नातक | ६ वर्ष | ४५- ६५ वर्ष | |
| ७ | राष्ट्रिय महिला आयोग (धारा २५२) | अध्यक्ष र अन्य चार जना सदस्य | अध्यक्षकोहक मा स्नातक | ६ वर्ष | ४५- ६५ वर्ष | |
| ८ | राष्ट्रिय दलित आयोग (धारा २५५) | अध्यक्ष र अन्य चार जना सदस्य | अध्यक्षको हकमा स्नातक | ६ वर्ष | ४५- ६५ वर्ष | |
| ९ | राष्ट्रिय समावेशी आयोग (धारा २५८) | अध्यक्ष र अन्य चार जना सदस्य | अध्यक्षको हकमा स्नातक | ६ वर्ष | ४५- ६५ वर्ष | |
| १० | आदीवासी जनजाती आयोग (धारा २६१) | अध्यक्ष र अन्य चार जना सदस्य | पधावदी सबैको ६ वर्ष नै हो तर योग्यता,पदरिक्त अवस्था  अन्य व्यवस्था संघिय कानून अनुसार | | | |
| ११ | मधेशी आयोग (धारा २६२) | अध्यक्ष र अन्य चार जना सदस्य | | | | |
| १२ | थारु आयोग (धारा २६३) | अध्यक्ष र अन्य चार जना सदस्य | | | | |
| १३ | मुस्लिम आयोग (धारा २६४) | अध्यक्ष र अन्य चार जना सदस्य | | | | |

- आयोगको पुनरावलोकन : यस भाग २७ बमोजिम गठन भएका आयोगहरुको संघीय संसदले यो संविधान प्रारम्भ भएको मितिले दश वर्ष पछि पुनरावलोकन गर्नेछ ।

**भाग-२८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था धारा २६६ देखि २६८**

- धारा २६६. राष्ट्रिय सुरक्षा परिषद : (१) नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषदलाई सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहेको एक राष्ट्रिय सुरक्षा परिषद रहनेछ :-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारको रक्षा मन्त्री - सदस्य

(ग) नेपाल सरकारको गृह मन्त्री - सदस्य

(घ) नेपाल सरकारको परराष्ट्र मन्त्री - सदस्य

(ङ) नेपाल सरकारको अर्थ मन्त्री - सदस्य

(च) नेपाल सरकारको मुख्य सचिव - सदस्य

(छ) प्रधान सेनापति, नेपाली सेना - सदस्य

(२) रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषदको सदस्य-सचिव भई काम गर्नेछ ।

(३) राष्ट्रिय सुरक्षा परिषदले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

- धारा २६७. नेपाली सेना सम्बन्धी व्यवस्था : (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहनेछ। (२) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ।
- राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा प्रधान सेनापतिको नियुक्ति र पदमुक्ति गर्नेछ।
- धारा २६८. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्था :
  (१) संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहनेछन्। (२) प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ।

**भाग-२९ राजनीतिक दल सम्बन्धी व्यवस्था धारा २६९ देखि २७२**

- राजनीतिक दलको विधानमा कम्तीमा ५ वर्षमा एकपटक निर्वाचन हुने व्यवस्था हुनुपर्छ।
- राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज धारा २७० मा व्यवस्था रहेको छ।

**भाग-३० संकटकालीन अधिकार धारा २७३**

- संविधानबमोजिम सङ्कटकालीन अधिकारको घोषणा संघीय संसदको दुबै सदनले अनुमोदन गरेमा कति समयसम्म लागू हुने गर्दछ ?→**३ महिनासम्म**

**भाग-३१ संविधान संशोधन**

- धारा २७४. संविधान संशोधन : (१) नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन।
- संघीय संसदका दुबैसदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नु पर्नेछ।

**भाग-३२ विविध धारा २७५ देखि २९४**

- धारा २७५. जनमत संग्रह सम्बन्धी व्यवस्था : (१) राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ।
- धारा २७६. माफी : राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ।
- राष्ट्रपतिले राज्यको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषण प्रदान गर्नेछ।
- सन्धि वा सम्झौता गर्ने अधिकार संघमा निहित रहनेछ।
- धारा २८४. संवैधानिक परिषद सम्बन्धी व्यवस्था : (१) यस संविधान बमोजिम प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक संवैधानिक परिषद रहनेछ :-
  क) प्रधानमन्त्री - अध्यक्ष
  ख) प्रधानन्याधिश - सदस्य
  ग) प्रतिनिधि सभाको सभामुख - सदस्य
  घ) राष्ट्रिय सभाको अध्यक्ष - सदस्य
  ङ) प्रतिनिधिसभाको विपक्षीदलको नेता - सदस्य
  च) प्रतिनिधि सभाको उपसभामुख - सदस्य
    - ✓ प्रधानन्याधिश नै रिक्त हुँदा कानुन तथा न्यायमन्त्री सदस्य हुने।
    - ✓ सदस्य सचिवको काम मुख्य सचिवले गर्ने व्यवस्था छ।
- धारा २८५. सरकारी सेवाको गठन : नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्नेछ। त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐन बमोजिम हुनेछ।
- धारा २८६. निर्वाचन क्षेत्र निर्धारण आयोग : (१) यस संविधान बमोजिम संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले देहायका अध्यक्ष र सदस्य रहेको एक निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ :-
  (क) सर्वोच्च अदालतको सेवानिवृत्त न्यायाधीश -अध्यक्ष
  (ख) भूगोलविद एक जना -सदस्य
  (ग) समाजशास्त्री वा मानवशास्त्री एक जना -सदस्य
  (घ) प्रशासनविद वा कानूनविद एक जना -सदस्य
  (ङ) नेपाल सरकारको विशिष्ट श्रेणीकोअधिकृत -सदस्य सचिव
  सदस्यको लासग योग्यता स्नातक उर्त्तिण र ४५ बर्ष उमेर पुरा भएको।

- भाषा आयोगमा अध्यक्षका अतिरिक्त आवश्यक संख्यामा सदस्यहरु रहनेछन् । पदावधि ६ वर्ष र स्नातकोत्तर उपाधि प्राप्त गरेको ४५ बर्ष पुरा भएको र अधिकतम ६५ बर्ष । -धारा २८७
- २०७३भाद्र २३ मा कसको अध्यक्षतामा भाषा आयोगको गठन गरिएको छ ?→**डा.लवदेव अवस्था**
- नेपालको वर्तमान निशान छाप कहिलेबाट प्रयोगमा आएको हो ?→**२०६३ पौष १५**
- नेपालको राजधानी काठमाण्डौं रहने धारा २८८
- प्रदेश राजधानी सम्वन्धमा प्रदेश सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय भएबमोजिम हुनेछ ।
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानान्याधिश, प्रदेश सभाका सभामुख राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाका सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित मनोनीत वा नियुक्ति हुन वंशको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्नेछ । (धारा २८९)
- धारा २९२. संसदीय सुनुवाई सम्बन्धी व्यवस्था :
  (१) यस संविधान बमोजिम संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाई हुनेछ ।
  (२) उपधारा (१) को प्रयोजनका लागि संघीय संसदका दुवै सदनका सदस्यहरू रहने गरी संघीय कानून बमोजिम पन्ध्र सदस्यीय एक संयुक्त समिति गठन गरिनेछ ।
- संवैधानिक निकायको बढिकि प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउनेछ । धारा २९४

**भाग-३३ संक्रमणकालीन व्यवस्था धारा २९५ देखि ३०५**

**भाग-३४ परिभाषा र व्याख्या धारा ३०६**

**भाग-३५ संक्षिप्त नाम, प्रारम्भ र खारेजी**

३०७. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस संविधानलाई "नेपालको संविधान" भनिनेछ ।

(२) यो संविधान संवत्दुई हजार बहत्तर साल असोज महीनाकोतीन गतेदेखि प्रारम्भ हुनेछ ।

३०८. खारेजी : नेपालको अन्तरिम संविधान, २०६३ खारेज गरिएको छ ।

अनुसूची सम्वन्धमा

**अनुसूची - १ नेपालको राष्ट्रिय झण्डा**
**- २ नेपालको राष्ट्रिय गान**
**- ३ नेपालको निशान छाप**
**- ४ प्रदेश र सम्वन्धित प्रदेशमा रहने जिल्लाहरु**
**- ५ संघको अधिकार सूची**
**- ६ प्रदेशको अधिकार सूची**
**- ७ संघ र प्रदेशको साझा अधिकारको सूची**
**- ८ स्थानीय तहको अधिकार सूची**
**- ९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**

| प्रदेश नं. १ | प्रदेश नं. २ | प्रदेश नं. ३ | प्रदेश नं. ४ | प्रदेश नं. ५ | प्रदेश ६ | प्रदेश ७ |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | सप्तरी | काठमाडौं | गोरखा | गुल्मी | रुकुम (पश्चिम भाग) | बजाङ |
| पाँचथर | सिराहा | भक्तपुर | लमजुङ | अर्घाखाँची | सल्यान | बाजुरा |
| इलाम | धनुषा | ललितपुर | तनहु | पाल्पा | हुम्ला | डोटी |
| झापा | महोत्तरी | सिन्धुपालचोक | कास्कि | रुपन्देही | जुम्ला | अछाम |
| धनकुटा | रौतहट | काभ्रेपलाञ्चोक | मनाङ | कपिलवस्तु | मुगु | कैलाली |
| तेह्रथुम | बारा | रसुवा | मुस्ताङ | रुकुम (पूर्वी भाग) | कालिकोट | दार्चुला |
| संखुवासभा | पर्सा | धादिङ | पर्वत | रोल्पा | डोल्पा | बैतडी |
| भोजपुर | | नुवाकोट | म्याग्दी | प्युठान | जाजरकोट | डडेल्धुरा |
| सुनसरी | | दोलखा | स्याङ्जा | दाङ | दैलेख | |
| कञ्चनपुर | | | | | | |
| मोरङ्ग | | रामेछाप | वाग्लुङ | बाँके | सुर्खेत | |
| ओखलढुङ्गा | | चितवन | नवलपरासी | बर्दिया | | |
| उदयपुर | | मकवानपुर | (पर्दघाटसुस्तापूर्व) | नवलपरासी | | |
| खोटाङ | | सिन्धुली | | पर्दघाटसुस्ता पश्चिम) | | |
| सोलुखुम्व | | | | | | |